"कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि"

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (कृषि विकास शाखा)

पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल

अध्यक्षः-९८५२६८११७२
उपाध्यक्षः-९८६२७७२८७९
प्र.प्र.अः-९८५२६८४४७७

प. सं.:- २०८०/०८१ | मितिः-२०८०/११/२९
च. नं.:- | ने.स. :- ११४४ चिल्लाथ्व,२ मंगलबार

**मागमा आधारित कार्यक्रमका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना ।**

हिलिहाङ गाउँपालिकाको आ.व. ०८०/०८१ को गाउँ सभाबाट स्वीकृत वार्षिक कार्यक्रमबाट कृषि विकास शाखा तर्फ **५०% लागत साझेदारिमा मागमा आधारित कार्यक्रम** कार्यान्वयनका लागि कार्यालयबाट मिति २०८०/०९/१६ गते प्रकाशित प्रस्ताव आव्हानको सूचना उपर हिलिहाङ गाउँपालिका भरि बाट सम्बन्धित वडामा प्रस्तावहरु दर्ता भई आएको र सम्बन्धित वडामा आएको निवेदन उपर वडा समितिले गरेको स्थालगत फिल्ड भेरिफिकेसन/अनुगमनको आधारमा देहाय बमोजिमका १/१ वटा प्रस्तावहरु प्रत्येक वडा बाट छनौट भई कार्यक्रम संचालनका लागि स्वीकृत भइ यस शाखामा आएकोले यो सूचना प्रकाशन भएको मितिले दस(१०) दिन भित्र अर्थात मिति **२०८०/१२/०८ गते बिहिबार** कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु अनिवार्य रुपमा संलग्न गरि हिलिहाङ गाउँपालिकामा सम्झौता गर्न आउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। साथै यस विषयमा थप जानकारीको लागि हिलिहाङ गाउँपालिका कृषि विकास शाखा सम्पर्क नं ९८४५७२०९९२,९८६३५६२४०० मा सम्पर्क गर्न सक्नु हुनेछ ।

**सम्झौताको लागी आवश्यक कागजातहरुः**

१. सम्झौता गरिपाउँ व्यहोरा सहितको निवेदन ।
२. कार्यक्रममा समावेश हुने मुख्य मुख्य क्रियाकलापको विवरण । साथै निर्माण कार्यको हकमा लागत इष्टिमेट र मेशिन उपकरणहरु खरिद भए सो को स्पेसिफिकेसन ।
३. संस्थाको हकमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र, स्थाई लेखा नम्बर, कर चुक्ता प्रमाणपत्र र गत आ.व. को लेखा परिक्षणको प्रतिलिपि र कार्यक्रममा सहभागि हुन कार्यसमितिको निर्णय।
४. सम्झौताको लागि सम्बन्धित वडाको सिफारिस पत्र ।
५. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
६. मागमा आधारित कार्यक्रममा ५०% लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।

**छनौट लाभग्राहीहरुको वडागत विवरणः**

| वडाहरु | छनौट कृषकहरुको नाम, थर | प्रस्तावित कार्यक्रमको विवरण | स्वीकृत अनुदान रकम रु | कृषक साझेदारी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| वडा नं १ | योगराज अधिकारी | तरकारी खेती | २५,०००/- | २५,०००/- | |
| वडा नं २ | धर्म बस्नेत | तरकारी खेती | २५,०००/- | २५,०००/- | |
| वडा नं ३ | मैतराज कामी | तरकारी खेती | २५,०००/- | २५,०००/- | |
| वडा नं ४ | कविता बुढाक्षेत्री | तरकारी खेती | २५,०००/- | २५,०००/- | |
| वडा नं ५ | दिनेश मैनाली | तरकारी खेती | २५,०००/- | २५,०००/- | |
| वडा नं ६ | श्री केराबारी कृषि स.संस्था लि. | तरकारी खेति | २५,०००/- | २५,०००/- | |
| वडा नं ७ | युवराज सापकोटा | तरकारी खेती | २५,०००/- | २५,०००/- | |

हेम राज पन्त
स. कृषि प्रसार अधिकृत

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**हिलिहाङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पञ्चमी, पाँचथर**

**विषयः सम्झौता गरि पाउँ भन्ने सम्बन्धमा ।**

महोदय,

तहाँ कार्यालयको मिति २०८०/....../....... गते को सूचना अनुसार मागमा आधारित कार्यक्रम अन्तर्गत ...................................................**कार्यक्रममा** सहभागिताका लागि कार्ययोजना सहितको आवेदन पेश गरेको थिए र तहाँ कार्यालयको मिति २०८०/......../.......... गते को सूचना अनुसार मागमा आधारित कार्यक्रममा म छनौट भएकोले ..............................................**कार्यक्रम** संचालन गर्नको लागि योजना सम्झौता गरि पाउँ भनि यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ। साथै सम्झौत गर्न तहाँ बाट माग भए बमोजिमको आवश्यक सम्पुर्ण कागजातहरु यसै निवेदनसाथ संलग्न गरेको व्यहोरा अनुरोध छ।

निवेदक
नाम थरः
ठेगानाः
फोन नः
हस्ताक्षरः
संस्थाको छाप

## लागत साझेदारी गर्ने प्रतिबद्धता-पत्र

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**हिलिहाङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पञ्चमी, पाँचथर**

**विषयः लागत साझेदारी गर्ने प्रतिबद्धता सम्बन्धमा।**

महोदय,

तहाँ कार्यालयको मिति २०८०/....../....... गतेको सूचना अनुसार मागमा आधारित कार्यक्रम अन्तर्गत .............................................................**कार्यक्रममा** सहभागिताका लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु। उक्त कार्यक्रममा कार्ययोजना अनुसार ५०% लागत सहभागिता गर्नेछु। कार्ययोजना अनुसारको कार्य नगरेमा हिलिहाङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत व्यक्त गर्दछु।

निवेदक

नाम थरः
ठेगानाः
फोन नः
हस्ताक्षरः
संस्थाको छापः

| दायाँ | बायाँ |
|---|---|
| | |